नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

## संयुक्त निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट मिति २०८३/०४/१२ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौं तथा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सहितको संयुक्त टोलिद्वारा देहायका खाद्य व्यवसायहरूको अनुगमन निरीक्षण गरी बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | न्यू दूध सागर काठमाडौं मा.न.पा — १६, माछापोखरी काठमाडौं | • अनुमतिपत्र नलिएको खाद्य पदार्थ बिक्री वितरण गरिएको<br>• लेबल विवरण नभएको खाद्य पदार्थ फ्रिजमा भण्डारण गरेर राखिएको<br>• फ्रिजमा खाद्य पदार्थ अव्यवस्थित रुपमा भण्डारण गरी राखिएको<br>• सरसफाइ सामान्य रहेको। | • लेबल नभएका दुई (२) के.जी. खुवा, दुई (२) के.जी. बटर नष्ट गरिएको<br>• पूर्ण लेबल विवरण भएका खाद्य पदार्थ मात्र प्रयोग गर्न निर्देशन दिइएको<br>• सरसफाइ नियमित रुपमा गर्न निर्देशन दिइएको<br>• व्यक्तिगत सरसफाइमा ध्यान दिन निर्देशन दिइएको। |
| २. | मिठो झोल मःम, टोखा नगरपालिका — ७, काठमाडौं | • फ्रिजमा खाद्य पदार्थ अव्यवस्थित रुपमा भण्डारण गरी राखिएको<br>• शाकाहारि, मांशाहारी खाद्य पदार्थलाई सँगै भण्डारण गरेर राखिएको<br>• सरसफाइ सामान्य रहेको। | • खरिद बिल नभएकोले उपभोक्ता संरक्षण ऐन बमोजिम वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागद्वारा रु. २०,०००/- (अक्षेरुपी बिस हजार रुपैयाँ मात्र) जरिवाना गरिएको<br>• फ्रिजमा राखिएका खाद्य पदार्थ व्यवस्थित गर्न निर्देशन दिइएको<br>• सरसफाइ नियमित रुपमा गर्न निर्देशन दिइएको<br>• शाकाहारि, मांशाहारी खाद्य पदार्थलाई अलग अलग व्यवस्था गर्न निर्देशन दिइएको। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

Sharma

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०४/१३

<u>अनुगमनका केहि  झलकहरू</u>







